गोरखापत्र
www.gorkhapatraonline.com

२०७४ साल साउन २८ गते शनिबार
2017 August 12 Saturday



# आपूर्ति तथा परिवहन निर्देशनालय, जंगी अड्डाको

## राशन आपूर्ति सम्बन्धी सिलबन्दी वा विद्युतीय बोलपत्र (E-Bidding) आव्हानको सूचना नं.-२

**सूचना प्रकाशित मिति २०७४/०४/२८ गते ।**

श्री वीरदल गण, सूर्यविनायक व्यारेक, भक्तपुर जिल्ला स्थित उक्त गणको राशन ठेक्का समूहमा आवद्ध युनिटहरु समेतको आ.व.०७३/७४ को राशन ठेक्का बन्दोवस्तको लागि मिति २०७३/०६/२० गतेको गोरखापत्रमा प्रकाशित तत्कालिन राशन, इन्धन र परिवहन महाशाखाको सूचना नं.४ अनुसार छनौट भएका बोलपत्रदातासँग भएको खरिद सम्झौता अन्त्य भएको हुँदा उक्त ठेक्काको बाकी अवधिको लागि आवश्यक पर्ने राशन आपूर्तिको निमित्त सार्वजनिक खरिद ऐन र नियमावली तथा उपरोक्त मितिको सूचना एवं यसै सम्बन्धी बोलपत्र फाराममा उल्लेखित बोलपत्रदाताको वित्तिय क्षमता र यस पूर्व सफलतापूर्वक राशन आपूर्तिको कार्य सम्पन्न गरेको अनुभव, प्रमाण पत्र एवं कागजात पेश गरी सम्पूर्ण शर्तहरुको अधिनमा रहि सिलबन्दी वा विद्युतीय बोलपत्र (E-Bidding) पेश गर्न इच्छुक फर्म/संस्था/कम्पनीहरुको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी कागजात तोकिएको दस्तुर बुझाई नियमानुसार बिक्री गर्न तोकिएका निकायहरुबाट मिति २०७४/०५/२५ गते (बिदाको दिन बाहेक) को कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु मिति २०७४/०५/२६ गतेको १२:०० बजेसम्म वा सो भन्दा अगावै बिदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिनको कार्यालय समय सम्म उक्त गणमा दर्ता गरिने र दर्ता भएका बोलपत्रहरु मिति २०७४/०५/२६ गतेको १३:०० बजे सोही गणमा खोलुवा गरिने छ । यो सूचना नेपाली सेनाको Website:www.nepalarmy.mil.np मा समेत हेर्न सकिनेछ । साथै, यस सूचनाको सम्बन्धमा थप कुराहरु बुझ्नु परेमा उक्त गणको सम्पर्क फोन नं.०१-५०९२१५६ मा सम्पर्क गरी वा मिति २०७४/०५/१६ गते उक्त गणमा हुने बोलपत्र पेश गर्नु पूर्वको बैठकमा सहभागी भई जानकारी लिन सकिनेछ ।